परिवर्तनका लागि एक नयाँ आवाज

टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १८२ पृष्ठ ४ २०८० पौष ९ गते, सोमबार 25 Dec., 2023 मूल्य रु. ५/-



समाचार पृष्ठ ४ मा

अनुदानमा वितरित गहुँको बिउ नउम्रेपछि पालिकासँग क्षतिपूर्ति माग्दै किसान

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

सम्सी गाउँपालिकामा अब QR Code बाट राजश्व तिर्न सक्ने




● टक नेपाल

महोत्तरीको सम्सी गाउँपालिकाको पहिलो कार्यकाल विवादै विवादमा वित्यो । दोश्रो कार्यकालको लागी चुनावी मैदानमा रामनाथ यादव विजयी भए लगतै सम्सी गाउँपालिकालाई तछाड मछाड गर्ने श्रोतहरुलाई निस्कृय बनाई सम्सी गाउँपालिकालाई अहिले विकासको बाटो तिर लम्कने तैयारीमा रहेको छ। यस भन्दा अघिल्लो कार्यकालमा जनताले गाउँपालिकाको अनुभूति समेत गर्न पाएनन् तर यादव आए लगतै जनताले पाउनु पर्ने सेवा, सुविधा कसरी सहज र सजिलो हुन्छ त्यस तर्फ सम्सी गाउँपालिका अग्रसर भएको छ। आज एक कार्यक्रमका बीच सम्सी गाउँपालिका अध्यक्ष रामनाथ यादव र उपाध्यक्ष अनिता देवी, प्रमुख प्रशासकिय अधिकृतले संयुक्तरुपमा QR Code को सेवा सुचारु भएको घोषणा गरेकाहुन् । अब जनताले घण्टौ बैंकको लाईनमा बसी राजस्व बुझाउन समय बर्बाद गर्नु नपर्ने अध्यक्ष र रामनाथ यादवले बताए । बैंकमा भीडभाडको कारण ढिलो भए अर्को दिन राजस्व बुझाउने पर्ने जस्ता बाध्यताबाट अब जनताले सुलभ र सजिलो तरिकाबाट राजस्व बुझाउन सक्ने यादवले बताए ।



सांसद कोइरीको निलम्बन फुकुवा





संघीय संसद
प्रतिनिधि सभा
सूचनापत्र - ४
२०८० पुस ०८ गते
आइतबार

निलम्बन फुकुवा सम्बन्धी सूचना

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २४८ को उपनियम (३) को व्यवस्था बमोजिम सम्माननीय सभामुखज्यूको मिति २०८०/०१/१९ गतेको निर्णयानुसार २०८० वैशाख १९ गतेदेखि निलम्बित प्रतिनिधि सभा सदस्य लक्ष्मी महतो कोइरी विरूद्धको ०७२-CR-०२६६ (कर्तव्य ज्यान) र ०७२-CR-०२६७ (आगो लागाएको) मुद्दामाथी महोत्तरी जिल्ला अदालत, जलेश्वरबाट फैसला हुँदा प्रतिवादी लक्ष्मी महतो कोइरी मुद्दाको अभियोग दावीबाट सफाइ पाउने ठहर भई राय कितावबाट देखिएको भनी महोत्तरी जिल्ला अदालत, जलेश्वरको पत्रसंख्या २०८०/०८९, च.नं. २०८०-३७-००५३४७ मिति २०८०/०९/०४ गतेको पत्र संलग्न गरि निलम्बन फुकुवाको लागि निवेदन प्राप्त भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २४८ को उपनियम (५) बमोजिम निलम्बन फुकुवा भएको व्यहोरा सम्माननीय सभामुखज्यूको निर्देशानुसार जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पद्म प्रसाद पाण्डेय
कार्यवाहक महासचिव
संघीय संसद

● टक नेपाल

काठमाडौं । नेकपा एमालेका सांसद लक्ष्मी महतो कोइरीको निलम्बन फुकुवा भएको छ । उनी १९ वैशाख २०८० मा निलम्बनमा परेका थिए । आइतबार उनको निलम्बन फुकवा भएको हो । २०७७ सालमा उच्च अदालत जनकपुरले सशस्त्र प्रहरी बलका असई थमन बिकको हत्या अभियोग लागेका फौ जदारी अभियोगमा पुर्पक्षका लागि जेल चलान गर्नुपर्ने सजाय सुनाएदेखि फरार को इरी ४ मंसिर २०७९ मा भएको चुनावमा महोत्तरी १ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका थिए । निर्वाचित भएपछि प्रतिनिधि सभाका केही बैठकमा उपस्थित भएका कोइरी फरार को सूचीमा रहेको भनी प्रश्न उठेपछि सम्पर्क बिहीन थिए । प्रहरी प्रधान कार्यालयको पत्र समेतका आधारमा निलम्बनमा परेका कोइरीले २९ मंसिरमा जिल्ला अदालत महोतरीबाट सफाइ पाएका थिए । सफाइ पाएसँगै निलम्बन फुकुवाको निर्णय लिएर कोइरी संसद सचिवालय पुगेका थिए ।

धनुषाको हंसपुर नगरपालिकाका तत्कालिन प्रशासकीय अधिकृतसहित ४ जनामाथि भ्रष्टाचार मुद्दा दायर

● टक नेपाल

जनकपुरधाम । धनुषाको हंसपुर नगरपालिका १ भगवानपट्टीको पोखरी ठेक्का लगाउँदा भ्रष्टाचार गरेको अभियोगमा तत्कालिन प्रमुख प्रशासकीय अधिकृतसहित चार जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालिन प्रमुख प्रशासकीय अधिकृत केशवकुमार अधिकारी, वडाध्यक्ष कामेश्वर कापर र ठेकेदारहरु मदनकुमार झा र नवीनकुमार चौधरीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। सार्वजनिक पोखरी ठेक्कामा लगाएवापत दोस्रो वर्षको रकम ५ लाख ५५ हजार रुपैयाँ राजस्वमा दाखिला गर्नुपर्नेमा वडाध्यक्ष कापरले आफैंसँग राखेको पाइएकाले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको



अख्तियारले जनाएको छ । त्यस्तै ठेकेदारहरुले नियमित किस्ता हंसपुर नगरपालिकामा दाखिला नगर्दा पनि निरन्तर किस्ता दिएको भनी वडाध्यक्ष कापरले हंसपुर नगरपालिकाको लेटर प्याडको दुरुपयोग गरी नियमित किस्ता दाखिला गरेको भन्ने गलत व्यहोरा बनाएको अख्तियारको भनाइ छ । ठेकेदार मदनकुमार झा र नवीनकुमार चौधरीले उक्त पोखरी ठेक्कामा लिएवापतको रकम नबुझाई नगरपालिकालाई हानिनोक्सानी पुऱ्याएको अख्तियारको भनाइ छ । तत्कालिन प्रमुख प्रशासकीय अधिकृत केशवकुमार अधिकारीले नग कार्यपालिकाको बैठकले निर्णयमा नगरेको कुरा गरेको भनी सरकारी कागज सच्याएको जनाएको छ ।

आजको PDF अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

सम्पादकीय

खानेपानीको अभाव

जनसंख्या वृद्धिसँगै काठमाडौंमा प्रत्येक वर्ष खानेपानीको माग बढ्दै गएको छ। पानीका स्रोत सीमित हुने र ती स्रोत पनि सुक्दै जाने तर जनसंख्याको चाप बढ्दै जाने हुँदा पानीका अभाव दिन-प्रतिदिन बढिरहेको छ। यता प्राकृतिक प्रकोप एवं अन्य अवरोधले गर्दा काठमाडौंमा मेलम्चीको पानी पनि आपूर्ति हुन सकेको छैन। मेलम्चीको मुहानमा समयमै मर्मत हुन नसक्दा सो पानीको प्रतीक्षा गरिरहेका उपभोक्ताहरु निराश हुन थालेका छन्। मागअनुसार पानी आपूर्ति बढाउँदै लाने सरकारको पूर्वयोजनासमेत नहुँदा काठमाडौंवासीका लागि पानीको समस्या झनै विकराल बनिरहेको छ। हिउँदको सुख्खा मौसममा पानीको माग बढी हुने हुँदा र पानी आपूर्तिको अन्य विकल्प नहुँदा पानी सप्लाइ गर्ने ट्याङ्कर एवम् पानी प्रशोधन कम्पनीहरुले मौकाको फाइदा नउठाउलान् भन्न सकिँदैन। त्यसैले सम्बन्धित निकाय र उपभोक्ताहरु सचेत हुनुपर्ने देखिन्छ। साथै मेलम्चीको पानी आपूर्तिका लागि सरकारले तदारुकता देखाउनै पर्छ। लामो प्रतीक्षा गर्दा पनि मेलम्चीको पानी पिउने काठमाडौंवासीको चाहना पूरा हुन नसक्दा यतिखेर उनीहरु प्रदर्शनमा उत्रिन बाध्य भएका छन् । समयमै मर्मत कार्य सम्पन्न गरी मेलम्चीको पानी आपूर्ति गर्न माग गर्दै प्रदर्शनमा उत्रिएर आक्रोश पोखेपछि बल्ल एक महिनाभित्र मेलम्चीको पानी काठमाडौंमा ल्याउने गरी काम अगाडि बढाइएको समाचार प्रकाशमा आएको छ । यसका लागि ठेकेदार कम्पनीसँग सहमति भएसँगै एक महिनाभित्र नै मेलम्चीको पानी ल्याउने गरी काम अगाडि बढाइएको मेलम्ची खानेपानी विकास समितिले जनाएको छ। योजना अनुसार काम अघि नबढाई ढिलाइ गर्ने प्रवृत्तिका कारण नै मेलम्ची खानेपानीले पूर्ण सफलता हासिल गर्न नसकेको सर्वविदित नै छ। त्यसैले कुरामात्र नभएर यथाशीघ्र काम अघि बढाउनु जरुरी छ। काठमाडौं उपत्यकाका लागि दैनिक ३५ करोड लिटरमन्दा बढी पानी आवश्यकता पर्छ। बढ्दो जनसंख्या, शहरीकरण, वनजंगलको ह्रास, औद्योगिकीकरण आदिका कारण विश्वमै शुद्ध पानीको माग बढ्दो छ। काठमाडौंका लागि पनि मेलम्चीको पानीले धेरै वर्ष धान्न सक्ने देखिँदैन। त्यसैले बेलैमा विकल्पहरुको पहिचान गरी पानी व्यवस्थापनतिर लाग्नुपर्ने देखिन्छ । सबैको लागि पानी भन्ने विश्वव्यापी नारालाई सार्थक बनाउनु सरकारको कर्तव्य पनि हो। हुन त आकस्मिक परिस्थितिबाहेक बढीमा २८ दिनको कार्य तालिका अनुसार दुई सिफ्टमा जनशक्ति परिचालन गरी मेलम्चीको पानी आपूर्तिका लागि कार्य गरिने मेलम्ची खानेपानी विकास समितिले जनाएको छ। त्यसपछि दैनिक १७ करोड लिटरको दरले मेलम्चीको पानी उपलब्ध गराइने समितिको भनाइ छ। भनाइ र काम गराइमा अन्तर हुने प्रवृत्ति यहाँका लागि नौलो होइन। त्यसैले मेलम्ची खानेपानीको मर्मत कार्य सम्पन्न गर्न सम्बन्धित सबै निकायको ध्यान केन्द्रित हुनै पर्छ। तत्कालको समस्या निराकरणका लागि भने पानी बोक्ने ट्याङ्करबाट भए पनि सहज किसिमले पर्याप्त मात्रामा शहरी क्षेत्रमा पानी आपूर्ति व्यवस्था गर्न जरुरी छ ।

महिला क्रिकेटमा बागमतीद्वारा गण्डकी पराजित

● टक नेपाल



काठमाडौं । प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगितामा बागमती प्रदेशले गण्डकी प्रदेशलाई ४ विकेटले हराएको छ । मूलपानी क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको गण्डकीले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै ११२ रन बनाएको थियो । गण्डकीका अञ्जली विश्वकर्माले ३२ तथा सिमन केसी र सुमन खतिवडाले समान २८ रन बनाए र सुमन नट आउट रहिन् । बागमतीका कृष्मा गुरुङ, अस्मिना कर्मचार्य र मनिषा उपाध्यायले समान १ विकेट लिए । ११३ रनको विजयी लक्ष्य बागमतीले १८.४ ओभरमा ६ विकेट गुमाउँदै भेट्टायो । बागमतीलाई जिताउन उत्कृष्ट ब्याटिङ गरेकी यशोदा विष्ट ३९ रनमा नट आउट रहिन् । उनले ४१ बलमा ४ चौका प्रहार गरिन् । ओपनर हेलिशा गुरुङे २० रन बनाउँदै क्याच आउट भइन् । सोनी पाख्रिनले १७ रन बनाइन्। गण्डकीका लागि सृष्टि जैशीले सर्वाधिक २ र आकृति तिवारीले १ विकेट लिइन् । यो बागमतीको दोस्रो जित हो। यसअघि बागमतीले मधेश प्रदेश माथि २८ रनको जित निकाले को थियो भने कोशी प्रदेशसँग ८ विकेटले पराजित भएको थियो। गण्डकीको भने यो दोस्रो हार हो । गण्डकीले शुक्रबार कर्णाली प्रदेशलाई हराएको थियो भने त्यसअघि पहिलो खेलमा लुम्बिनीसँग ४ विकेटले पराजित भएको थियो ।

सम्सी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सम्सी, मधेश प्रदेश, नेपाल

जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:



हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं

कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं




आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं



हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं



गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

पर्याप्त मात्रामा आयोडिन नपाउँदा हुन सक्छन् निम्न असरहरू :



- गलगाँड आउने
- गर्भावस्थामा समस्या देखिने : गर्भ तुहिने वा मृत शिशु जन्मने हुन सक्छ
- मानसिक र बौद्धिक क्षमतामा कमी आउने
- शिशुको दिमागको विकास राम्रो सँग नभई जन्मने
- सुस्तमनस्थिती हुने र बौद्धिक क्षमता कमी हुने
- काम गर्न सक्ने क्षमतामा कमी आउने र आलस्यपन आउने

त्यसैले खानामा आयोडिन मिसाएको नून खानु नै एक मात्र सरल उपाय हो ।

"थोरै खाऔं, सही मात्रामा खाऔं,
दुई बालबालिकाको चिन्ह अंकित आयोडिन युक्त नून नै खाऔं"

एकडारा गाउँपालिका
एकडारा, महोत्तरी, मधेश प्रदेश

आवश्यक टेलिफोन नम्बरहरु

प्रहरी कन्ट्रोल	१००	IRDs समाज सहकारी अस्पताल	५५०४०१
जिल्ला प्रहरी कार्यालय जलेश्वर	५२०१५५	सिटि केयर हस्पीटल वर्दिवास	५५०५२७
ईलाका प्रहरी कार्यालय बर्दिबास	५५०००६	छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला ट्रा.प. कार्यालय	५५००५५	ढल्केवर (नो लाईट)	०४१-५६००६८
नेपाल पत्रकार महासंघ, महोत्तरी	५२०५१५	बर्दिवास दुरसञ्चार	५५००००
शुभ स्वस्तिक हस्पिटल	५५०२५५	नेपाल रेल्वे जनकपुरधाम	५२०२११
बर्दिबास अस्पताल	५५००५०	जनकपुर आँखा अस्पताल	५२०३५७
रेडक्रस एमबुलेन्स	५२०१००	प्रदेशिक अस्पताल जनकपुरधाम	५२००३३
वारुण यन्त्र (दमकल)	५२००५७	सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
नेपाल विद्युत वितरण केन्द्र, गौशाला	५५६०८५	एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
जलेश्वर अस्पताल	५२००७०	एम्बुलेन्स (मारवाडी सेवा समिति)	५२२७६२, ५२१७८४
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०५	एम्बुलेन्स (जानकी मेडिकल कलेज)	५२६०५०, ५२६०५१
बर्दिवास आँखा अस्पताल	५५०४७७	महाविर युवा कमिटी एम्बुलेन्स	२५५८०
मेरी स्टोप्स सेन्टर	५५०१२६	ईलाका प्रहरी कार्यालय गौशाला	५८५४०५००५०
एकिकृत सेवा केन्द्र बर्दिवास	५५०६६८	रेडियो गौशाला ९३.६ मेगाहर्ज	५८२४८७२५६०

आजको राशिफल

मेष	अरूको करकापमा काम गर्नुपर्ने परिस्थिति आउन सक्छ।	तुला	मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक र हनेछ।
बृष	आम्दानीका विभिन्न स्रोत देखिए पनि सोचेको फाइदा नहुन सक्छ।	वृश्चिक	परिस्थितिसँग सम्झौता गर्नुपर्दा समस्या पर्नेछ।
मिथुन	मिहिनेत गर्दा कार्यसिद्धिको समय छ।	धनु	परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम दोहोर्याउनुपर्नेछ।
कर्कट	अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला।	मकर	चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ।
सिंह	पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला।	कुम्भ	दिन रमाइलो र उत्साहपूर्ण रहनेछ।
कन्या	परिवारजनको साथले उत्साह जगाउनेछ।	मीन	चिताएको काम बन्नाले नयाँ काम सुरु हुनेछ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

खानेपानीमा आइरनको मात्रा बढी



टक नेपाल

ढल्केवर । मधेश प्रदेशको आठ वटै जिल्लाको खाने पानीमा आवश्यकता भन्दा बढी आइरनको मात्रा देखिएको छ । सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना जनकपुरको पानी परीक्षण प्रयोगशालाले प्रदेशका विभिन्न स्थानबाट सङ्कलन गरेको नमुना पानी परीक्षण गर्दा खानेपानीमा आवश्यकताभन्दा बढी आइरनको मात्रा देखिएको हो । प्रयोगशालाका शाखाका प्रमुख तथा रसायन विज्ञ कृष्णकुमार साहले आर्थिक वर्ष २०७९-०८० मा प्रदेशका आठ वटै जिल्लाको विभिन्न स्थानको एक हजार दुई सय ८८ वटा नमुना परीक्षण गर्दा आइरनको मात्रा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डभन्दा बढी भेटिएको बताउनुभयो । यसैगरी, चालू आर्थिक वर्षमा एक सय ३७ वटा नमुना परीक्षण गरिएको मध्ये अधिकांशमा आइरनको मात्रा बढी देखिएको उहाँले जानकारी दिनुभयो । राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डले प्रतिलिटर खाने पानीमा बढीमा शून्य दशमलव तीन एमजी आइरन हुनुपर्ने मापदण्डमा उल्लेख गरिएको भएपनि प्रतिलिटर शून्य दशमलव आठ एमजीसम्म आइरन भेटिएको रसायन विज्ञ साहको भनाइ छ । उहाँका अनुसार प्रदेशका विभिन्न सामुदायिक विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय गरी छ सय ७३ ट्युबवेल, एक सय १५ वटा खानेपानी आयोजना र पानी परीक्षण प्रयोगशालामा प्राप्त पाँच सय वटा नमुनाको परीक्षण गरिएको थियो । परीक्षण गरिएको पानीमा ६२ दशमलव ८ प्रतिशत आइरनको मात्रा देखिएको छ । त्यस्तै, ३२ दशमलव ६ प्रतिशत धमिलोपना र १६ दशमलव ०४ प्रतिशत पानीमा मेनगानिजको मात्रा बढी छ । थोरै मात्राको आइरनले स्वास्थ्यलाई ठिक गर्ने भएपनि बढी मात्राले स्वास्थ्य लगायतका विभिन्न कुरामा असर गर्ने उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “आइरन बढी हुँदा पानीको रङ परिवर्तन हुने, स्वाद परिवर्तन हुने, गन्ध आउने, नुहाउँदा कपाल झर्ने, सेतो कपडामा बिस्तारै पहेँलो दाग बस्दै जाने हुन्छ ।“ प्रयोगशालाका सहायक रसायन विज्ञ मनोज अधिकारीले अरू जिल्लाको तुलनामा सप्तरी जिल्लाको खानेपानीमा बढी आइरनमा मात्रा भेटिएको बताउनुभयो । उहाँले ८० प्रतिशतभन्दा बढी ट्युबवेलको पानीमा आइरन र आर्सेनिक भेटिएको जानकारी दिनुभयो । सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना ुरले मधेश प्रदेशभित्र खानेपानीको गुणस्तर जाँच गर्न घुम्ती सेवासमेत सञ्चालन गरेको छ । प्राविधिक टोली र अत्याधुनिक उपकरणसहित पानीको गुणस्तर परीक्षण गर्न घुम्ती सेवा सञ्चालन गरिएको छ । घुम्ती टोलीले गत आर्थिक वर्षमा प्रदेशका आठ वटै जिल्लाको विभिन्न स्थानमा पुगेर सात सय ८८ वटा स्थानको पानी परीक्षण गरेको प्रयोगशालाका प्रमुख साहले जानकारी दिनुभयो । पानी पिउन योग्य भए पिउनका लागि सल्लाह दिने र योग्य नभए शुद्धीकरण गरेर पिउन भन्ने गरेको उहाँले बताउनुभयो ।

धूलोबाट आजित भएका स्थानीयले गरे गौशाला बजार सडक अवरुद्ध

टक नेपाल



गौशाला । धूलोले जनजीवन अस्तव्यस्त बनेको भन्दै गौशालाका व्यवसायीले बाटो बन्द गरेका छन् । आइतबार गौशाला बजारदेखि जिरोमाइलचौक जाने बाटो स्थानीयले एक घण्टा अवरुद्ध गरेका हुन्। बजारभित्र प्रवेश गर्ने सवारी साधनका कारण अत्याधिक धूलो उड्दा सडक आसपास क्षेत्रमा बस्ने स्थानीय हैरान भएका छन्। स्थानीय मरहा नदीबाट दुङ्गा,गिट्टी,बालुवाको ओभरलोड गरी टिफर चलेपछि सडकबाट उडेको अत्यधिक धूलोले मानव स्वास्थ्यमा असर पर्नेथालेपछि बाटो अवरुद्ध गरेको होटेल व्यवसायी मिर्चिलाल साहले बताए। टिफरले ओभरलोड गरी बाटो धुलोमय भएपनि ट्राफिक प्रहरी तथा नेपाल प्रहरी मुखदर्शक बनेको स्थानीय दिपक साहको भनाइ छ। टिफर धूलो उडाउँदै हिंड्दा समेत ट्राफिक प्रहरी मस्त निन्द्रामा सुतेको कारण स्थानीय सास्ती व्यहोर्नु परेको साहको आरोप छ । नगरपालिकाले राजस्व उसल्ने तर बाटो निर्माणमा कुनै किसिमको ध्यान नदिएको कारण स्थानीहरु व्यवसायी सिकेन्द्र साहले बताए । स्थानीयले नगरपालिकालाई पत्रमार्फत जानकारी गराएपछि केही दिन पानी छर्किए पनि फेरि समस्या जस्ताको त्यस्तै देखिएपछि स्थानीयहरु बाटो अवरुद्ध गर्न बाध्य भएको किराना व्यवसायी सुनिता देवीले बताइन् । अहिले नेपाल प्रहरीको अनुरोधमा स्थानीयले तत्कालका लागि बाटो सुचारु गरेका छन्।

अनुदानमा वितरित गहुँको बिउ नउम्रे...

गहुँको बिउ माग्ने किसानको चाप बढेपछि पुनः ११ लाख बराबरको एक सय १० क्विन्टल गहुँको बिउ मगाइएको तर पछिल्लो लटमा आएको बिउमा धेरै सिकायत आएको उनले बताए । उनले भने, ‘दैनिक दर्जनौँ किसान कृषि शाखा घेराउ गर्न आउँछन् । गहुँको बिउ उम्रिएन, क्षतिपूर्ति देऊ भन्छन् । हामीले के गर्नु ? अप्ठ्यारोमा परेका छौं ।’ बिउको माग बढेपछि मेयर आफैंले कुशवाहा बिज भण्डार बाट बिउ ल्याउन अह्राएको र सोही अनुसार ल्याइएको पासवानले बताए । उनले भने, ‘हामीले रोजेको पनि होइन, निर्णय गरेको पनि होइन । पालिकाबाट जुन बिउ उपलब्ध गराइयो, त्यही बिउ वितरण गरिदिएका हौं ।’ ल्यावबाट ल्याएर पेस गरिएको प्रमाण पत्र आफूहरुले हेरेको र त्यसमा सबै कुरा ठिकै रहेको उनले बताए । नगरपालिकाको कृषि संयोजक समेत रहेका १ नम्वर वडाका वडाध्यक्ष सूर्य नारायण यादव पनि यसको जिम्मेवारी र जवाफदेही मेयरले लिनुपर्ने बताउँछन् । सुनसरीबाट किन बिउ खरिद गरियो होला ? भन्ने प्रश्नमा वडाध्यक्ष यादवले भने, ‘नाता, कुटुम्बले पनि काम गरेको होला । अब किसानको मर्का त नगरपालिकाले बुझ्नु पर्छ । अनर्थ भएको छ ।’ धनगढीमाई नगरपालिका ४ का वडाध्यक्ष ओम यादवले दर्जनौँ किसान गुनासो गर्न आएको बताए। उनले आफैं किसानको खेत-खेत घुमेर हेरेको भन्दै पछिल्लो लटमा बाँडिएको बिउ नउम्रिएको बताए । धनगढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओम कुमार महतोसँग यसबारे बुझ्न बारम्बार फोन सम्पर्क गर्ने प्रयास गरे पनि उनी सम्पर्कमा आउन चाहेनन् । यस सम्बन्धमा धनगढीमाई नगर पालिकाका मेयर शिव शंकर महतोले बाहिर हल्ला चले जस्तो केही नभएको बताए । दुईचार जना किसानको खेतमा चिस्यान नभएर गहुँ नउम्रिएको हुनसक्ने उनको भनाइ थियो । मेयर महतोले आफू काठमाडौँमा रहेको र १० गते बिउ बिक्रेता पनि आएर हेर्छु भनेकाले आफू फर्किएपछि मात्र यसबारे थप जानकारी हुन सक्ने बताए ।

Healthy Living Nepal Pvt. Ltd.
Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)
बैजनाथ चौधरी
मो. ९८४४२५१७९९, ९७०३७७४७८४
हरेक प्रोडक्टमा बम्पर अफर !
Purchase products worth NPR 3,000 or above and get 1 Zeta Special Tea absolutely free
जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)
हाम्रो सेवाहरू
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।
सुशिल ढकाल
☎ 044-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

अनुदानमा वितरित गहुँको बिउ नउम्रे पछि पालिकासँग क्षतिपूर्ति माग्दै किसान



● टक नेपाल

सिरहा । धनगढीमाई नगर पालिकाले ५० प्रतिशत अनुदानमा बाँडेको गहुँको बिउ नउम्रेपछि यहाँका किसान मर्कामा परेका छन् । नगर पालिकाले दोस्रो लटमा निजी व्यवसायीमार्फत गरिद गरेको एक सय १० क्विन्टल गहुँको बिउ नउम्रिएको किसानको भनाइ छ । नगरपालिकाबाट ५० प्रतिशत अनुदानमा प्राप्त गहुँको बिउ ८ कट्ठा जमिनमा छरेको तर नउम्रेको धनगढीमाई नगरपालिका-४ जयपुरका ५७ वर्षीय किसान हरिदेव यादवले बताए । उनले नगर पालिकाबाट अनुदानमा ४५ रुपैयाँ प्रतिकिलोका दरले ४० केजी गहुँ छरेको १० दिन बितिसक्दा पनि नउम्रिएको बताए । सँगै छरेको जौ उम्रे पनि गहुँ नउम्रेपछि गाउँमै पुनः ६० रुपैयाँ किलोका दरले बिउ किनेर छरेको उनको भनाइ छ।

यादवले भने, '६ दिनमा उम्रिएर ९ दिनमा दुई पात हुनु पर्ने गहुँ १५ दिन बित्दा पनि उम्रिएन । खाद, मल, ट्र्याक्टरको जोताई सबै खेर गयो । हामी किसानको जहाजै डुब्यो । कसरी बालबच्चा पाल्ने ?' उनले थपे, 'यही उब्जाले जसोतसो परिवार चलिरहेको थियो । यो पटक लगानी धेरै लागिसक्यो, समयभन्दा ढिलो छरेको गहुँ पनि कति फल्छ, पत्तो छैन ।' धनगढीमाई-४ फूलकाहाकट्टीका जयप्रकाश महतोले पनि नगरपालिकाबाट प्राप्त बिउ नै छरेका थिए । तर गहुँ नउम्रिएपछि खेत बाँझै रहेको उनले सुनाए । नगरपालिकाले उपलब्ध गराएको बिउ नउम्रिएका कारण आफूहरुले क्षतिपूर्ति पाउनु पर्ने उनको माग छ । वडाको सिफारिस लिएर महतोका दुई दाजुभाइले नगर पालिकाको कृषि शाखाबाट ४० किलो गहुँको बिउ ल्याएका थिए । उनीहरुले पनि ८ कट्ठा खेतमा गहुँ छरेका थिए । यस्तै व्यथा छ धनगढीमाई-४ जयपुरका रासोभित यादवको । उनले पनि बुबा र आफ्नो नाममा ४० केजी बिउ ल्याएर १० कट्ठामा छरेका थिए । अहिले खेत बाँझै छ । छरेको बिउ नउम्रिएपछि नयाँ बिउ किनेर पुनः छर्ने तरखरमा छन् उनी । नगरपालिकाबाट अनुदानको गहुँको बिउ लैजाने ५ सय ५० जना किसानको अवस्था यस्तै छ । धनगढीमाई नगर पालिकाले किसानलाई अनुदानमा बाँडेको गहुँको बिउ नउम्रिएपछि ५ सय ५० जना किसानको करिब एक सय ३५ बिघा खेत बाँझै भएको हो । कतिपय किसान नयाँ बिउ खरिद गरेर दोहो-याएर छर्ने तयारीमा छन् भने धेरैको खेत बाँझै हुने भएको छ । बिउको माग बढेपछि नगर प्रमुखको ठाडो आदेशमा सुनसरीको देवानगञ्जस्थित कुशवाहा बिज भण्डारबाट ल्याइएको आदित्य जातको १ सय १० क्विन्टल गहुँ प्रतिकिलो ४५ रुपैयाँमा किसानलाई वितरण गरिएको थियो । गहुँ नउम्रेपछि किसानको ट्र्याक्टर जोताई खर्च, डीएपी मल र पोटास छरेको खर्च, ड्याङ्ग बनाउन लागेको मजदुर खर्च र बिउ किनेको खर्च डुबेको छ । यस विषयमा धनगढीमाई नगरपालिकाका कृषि शाखा प्रमुख अशोक पासवानसँग जिज्ञासा राख्दा उनले पहिलो लटमा साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडबाट ल्याएको १० लाख बराबरको गौतम जातको गहुँको बिउ राम्रो रहेको बताए । उक्त बिउ प्रतिकिलो ८० रुपैयाँमा उपलब्ध भएको र ५० प्रतिशत अनुदानमा किसानलाई वितरण गरिएको उनको भनाइ छ । साल्ट ट्रेडिङ्गबाट ल्याइएको बिउ लैजाने सबै किसानको गहुँ राम्रो उम्रिएको उनले बताए ।

»» बाँकी पृष्ठ ३ मा

गौशाला नगरपालिकाका उपप्रमुख चढने गाडीमा आगजनी



● टक नेपाल

महोत्तरी । गौशाला नगर पालिकाका उपप्रमुख रेणु महतो चढ्ने गाडीमा अज्ञात समूहले आगजनी गरेको छ । आगजनीबाट प्रदेश२-०२-००१ भ ०००५ नम्बरको सरकारी गाडीको पछिल्लो भागमा क्षति पुगेको प्रहरीले जनाएको छ । उपप्रमुख महतोको गौशाला १ रामनगरस्थित घर आँगनमा पार्किङ गरिएको अवस्थामा शनिबार राति गाडीमा आगजानी भएको प्रहरीले जनाएको छ । घरका परिवारले राति करिब २ बजेतिर गाडीमा आगो लागेको देखेपछि इलाका प्रहरी प्रहरी कार्यालयलाई खबर गरेको उपप्रमुख महतोले जानकारी दिइ। इलाका प्रहरी निरीक्षक मनोज यादवको कमाण्डमा राति नै घटना स्थल पुगेको प्रहरीले घटना स्थलबाट डीयुको ठूलो बोतल फेला पारेको छ । बोतलबाट आएको गन्धको आधारमा आगजनी पेट्रोल छर्केर लगाएको प्रहरीको प्रारम्भिक अनुमान छ । प्रहरी निरीक्षक यादवका अनुसार आगजनी कसले र किन गरेको स्पष्ट हुन सकेको छैन । घटनाको स्थलगत मुचुल्का गरी सघन अनुसन्धान सुरु गरेको प्रहरीले जनाएको छ । उपप्रमुख महतोले शनिबार साँझ जनकपरबाट रामनगर आई घरको आँगनमा पार्किङ गरेको अवस्थामा घटना भएको बताइन ।

कर्मचारी आवश्यकता

मिथिला सेभिङग एन्ड इन्भेस्टमेन्ट प्रा. लि.को संचालक समितिको आर्थिक बर्ष २०८०/०८१ को बैठकको चलानी न. ०४० को निर्णय अनुसार बजार प्रतिनिधि तथा फिल्ड स्टाफ आवश्यकता भएकोले योग्यता पुगेका नेपाली नागरिकले आवेदन दिन सक्नेछन् ।

१. बजार प्रतिनिधी १ जना
२. फिल्ड स्टाफ २ जना

कर्मचारी छनौट विधि :
लिखित परिक्षा, अनर्तवार्ता, कार्याअनुभव, कम्प्युटरमा बेसिक कोर्स गरेको र नेपाली, अंग्रेजी दुबै भाषमा टाइपिङ्गको अनुभव भएको हुनु पर्ने, ब्यवस्थापन (+2 in management) अध्यन गरेकाहरु लाई विशेष मान्यता दिइने छ।

आवश्यक कागजातहरू :
S.L.C. Certificate, +2 Document, Biodata, हालसालै खिचिएको PP Size फोटो ४ प्रति

तलब :
आपसि समझदारि अनुसार

सम्पर्क स्थान :
मिथिला सेभिङ्ग एण्ड इनभेष्टमेन्ट प्रा.लि.
गौशाला न.पा. ११ ईमलीबजार (महोत्तरी)
सम्पर्क नं.: ९८१५८०७७७१, ९८६३९६९२२६

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४



बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com